# सिंजा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## **शिक्षा युवा तथा खेलकुद शाखा**
## नराकोट सिंजा जुम्ला

कर्णाली प्रदेश नेपाल।

पत्र संख्या.:- २०८०/०८१(शिक्षा)

चलानी नंम्बर:- २८९

विषयः- विद्यालयको लेखापरीक्षणको आश्यपत्र पेश गर्ने सम्बन्धित सुचना।

(सुचना प्रकाशित मितिः- २०८०/०६/०९)

प्रस्तुत विषयमा यस सिंजा गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुले आ.व. २०७९।०८० सम्म भए गरेका आर्थिक कारोवारहरुको अन्तिम वित्तिय लेखापरीक्षण गर्नुपर्ने भएकोले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति पाएका इच्छुक लेखा ब्यवसायी संस्थाहरुलाई आवश्यक कागजात सहित सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस गाउँपालिका कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि सहितको निवेदन,
२.पेशागत प्रमाणपत्र तथा लेखा ब्यवसायी संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. चालु आ.व. का लागि लेखा ब्यवसायी संस्था दर्ता प्रमाणपत्र नवीकरणको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर दर्ता तथा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
५. आ.व. २०७९।०८० को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
६. लेखापरीक्षकको प्राविधिक प्रस्ताव तथा लेखापरिक्षक कर्मचारि भए विभागिए स्वीकूत पत्रको प्रतिलिपि,
७. यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित कानुनमा उल्लेखित भए बमोजिम हुनेछ,
८. म्याद नाघि तथा रितपुर्वक नआएका आवेदन/दरखास्त उपर कुनै कारवाही गरिने छैन।

पुनश्चः उक्त निवेदन यस कार्यालको ईमेल ठेगाना ito.sinjamun@gmail.com मार्फत पनि पठाउन सकिने छ।

पालना गर्नुपर्ने सर्तबन्देजहरुः-

१. लेखा परिक्षणका लागि लेखापरिक्षक विद्यालयमा अनिवार्य उपस्थित हुनुपर्ने छ।
२. नियुक्ति पाएको ४५ दिन भित्रमा विद्यालयको लेखापरिक्षण गराई प्रतिवेदन पेश गर्नुपर्ने छ।
३. प्रचलित कानुनको अधिनमा रहि काम गर्नुपर्ने छ, विद्यालय कोषबाट पारिश्रमिक लिने तथा पारिश्रमिक बुझेको भरपाई विद्यालयलाई अनिवार्य उपलब्ध गराउनुपर्ने छ।
४. उल्लेखित शर्तहरु उल्लघंन गरेमा आगामि वर्षहरुमा लेखापरिक्षणको जिम्मेवारि प्रदान गरिने छैन।

बोधार्थः

श्री सिंजा गाउँपालिका (आर्थिक प्रशासन शाखा)
श्री सिंजा गाउँपालिका(प्रशासन शाखा)
श्री सिंजा गाउँपालिका (आन्तरिक लेखा परीक्षण शाखा)
सिंजा गाउँपालिका(सुचना तथा प्रविधि शाखा):Website मा Upload गरिदिनु हुन।

पवित्रा शाही
प्रमुख प्रशासकी अधिकृत